अत्यन्त जरुरी

# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. : २०७५/०७६

च.नं. : ४५५९

मिति : २०७६/०२/२४

श्रीमान् सचिव ज्यू,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

**विषय : हावाहुरी घटनाको जानकारी प्रेषित गरिएको सम्बन्धमा ।**

उल्लिखित सम्बन्धमा मिति २०७६/०२/२३ गते राती ८:०० बजे करिब ३० मिनेट आएको तिब्र हावाहुरीको कारणले धनगढी उप-महानगरपालिका क्षेत्रमा कुनै मानवीय क्षति नपुऱ्याएको तर भौतिक क्षति भएको व्यहोरा श्रीमान् समक्ष सादर जाहेर गरेको छु । भौतिक क्षतिको सम्बन्धमा बिजुलीका पोलहरु ढलेको, विद्युत आपूर्ति बन्द भएको र सञ्चारका साधनहरु सामान्य रुपमा मात्र चलेको अवस्था छ । यसै सन्दर्भमा धनगढी उप-महानगरपालिकाका नगर प्रमुख, नगर उप-प्रमुख, कैलाली जिल्लाका प्रमुख जिल्ला अधिकारी, धनगढी उप-महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत जिल्ला सदरमुकाम स्थित सुरक्षा निकायका प्रमुखहरु, नेपाल रेडक्रस सोसाइटी एवं सम्पूर्ण संघ-संस्थाका प्रमुख एवं प्रतिनिधिहरुको उपस्थितिमा बैठक बसी क्षतिबाट पिडित परिवारलाई राहत एवं उद्दार कार्यका लागि आवश्यक निर्णय गरी जनजीवन सामान्य पार्न नगरपालिकाको सम्पूर्ण स्रोतसाधन परिचालन भएको व्यहोरा श्रीमान् समक्ष पुनः स्मरण गराएको छु । मिति २०७६/०२/२४ गते बिहान ८:०० बजे बसेको नगरपालिका विपद् व्यवस्थापन समितिको बैठकको निर्णयको छाँया प्रति र नगर प्रमुखद्वारा जारी अपिल विज्ञप्तिको छाँया प्रति समेत श्रीमानको जानकारीको लागि यसैसाथ प्रेषित गरेको छु ।

२०७६/०२/२४

नारायण प्रसाद सापकोटा
(प्रमुख प्रशासकीय अधिकृत)

प्रमुख प्रशासकीय अधिकृत

**वोधार्थ :**
श्री नगर प्रमुख ज्यूको सचिवालय
श्री नगर उप-प्रमुख ज्यूको सचिवालय
धनगढी उप-महानगरपालिका, कैलाली
श्रीमान् प्रमुख जिल्ला अधिकारी ज्यू,
जिल्ला प्रशासन कार्यालय, कैलाली ।

O/C